# आर्थिक ऐन

**वेनीघाट रोराङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** वेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम वेनीघाट रोराङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि वेनीघाट रोराङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२। **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३। **भूमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर सम्पति कर लगाइएको जग्गामा भूमि कर (मालपोत) लगाइने छैन ।

४। **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५। **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६। **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७। **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९। **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०। **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ( ९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११। **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२। **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याचफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३। **सेवा शुल्क, दस्तुरः** गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४। **फोहोर मैला व्यवस्थापन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका वजार क्षेत्रमा फोहोर मैला व्यवस्थापनका लागि अनुसूची १३ मा उल्लिखित फोहोर मैला व्यवस्थापन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५। **वातावरण तथा सरसफाइ शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक श्रोतको व्यावसायिक रुपमा उपयोग गरेवापत अनुसूची १४ मा उल्लिखित प्राकृतिक श्रोत उपयोग कर लगाईने र असुल उपर गरिनेछ ।

१६। **सडक मर्मत सुधार शुल्क** : गाउपालिका भित्रका तोकिएका सडकहरुमा अनुसूची १५ मा उल्लिखित सडक मर्मत सुधार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१७। **दहत्तर वहत्तर शुल्क** : गाउपालिका भित्र सकलन तथा निकासी हुने ढुङ्गा चुनढुङ्गा गिट्टी वालुवा ग्रावेल चिप्स माटो स्लेट रोडामा प्रदेश कानुन अनुसार सकलन तथा निकासी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१८। **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसुचि १

## सम्पत्ति कर

आ.व. ०७५/७६ वाट तपशीलको दररेटमा एकिकृत सम्पति कर लगाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने निर्णय गरियो । एकृिकत सम्पती कर को मुल्यांकन आधार र दररेट निम्नानुसार छ ।

मुल्याङकनको आधारहरु

**क. जग्गा तर्फ :**

मालपोत कार्यालय धादिङले रजिष्ट्रेशन पास प्रयोजन निमित्त निर्धारण गरेको न्युनतम दररेटलाई न्यूनतम दररेट कायम गरी जग्गाको मुल्यांकन गरिनेछ । सो भन्दा माथि दररेट राखी स्वघोषणा गर्ने करदाताको सोहि घोषित दररेटमा मुल्यांकन गरिनेछ ।

**ख. घर तथा भौतिक संरचना तर्फः-** एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुकको मूल्याङकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मुल्यांकन गरिनेछ ।

| प्रकार | दररेट (प्रतिवर्ग फिट | ह्रासकट्टी दर प्रतिशत |
|---|---|---|
| आर सि. सि. फेम स्टक्चर | १८००।०० | १ |
| सिमेन्ट जोडाइ इटा वा ढूंगाको गारो र आर सि.सि छाना भएका घरहरु : | १५००।०० | २ |
| माटोको जोडाइ इटा वा ढूंगाको गारो आर.सि.सि.छाना भएका घर : | १०००।०० | ३ |
| सिमेन्ट जोडाइ इटा,ढूगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु : | ८००।०० | २ |
| माटोको जोडाइ इटारढूगा वा ब्लकको गारो जस्ता छाना भएका घर | ४००।०० | ३ |
| सिमेन्ट जोडाइमा इटा वा ढूगाको गारो भइ टायलको छाना भएका घरहरु : | ४००।०० | ३ |
| काठको घर | २००।०० | ५ |

**एकिकृत सम्पति कर**

| क.सं. | विवरण | एकीकृत सम्पत्ति कर | |
|---|---|---|---|
| ४ | रु. १ देखि ५ लाख सम्म | १०० | एकसय रुपैया मात्र |
| ५ | रु. ५ लाख १ देखि ८ लाख सम्म | १५० | एकसय पचास रुपैया मात्र |
| १० | रु. ८ लाख १ देखि १५ लाख सम्म | २०० | दूई सय रुपैया मात्र |
| ११ | रु. १५ लाख १ देखि २५ लाख सम्म | ३०० | तीन सय रुपैया मात्र |
| १२ | रु. २५ लाख १ देखि ४० लाख सम्म | ४०० | चार सय रुपैया मात्र |
| १३ | रु. ४० लाख १ देखि ६० लाख सम्म | ६०० | छ सय रुपैया मात्र |
| १४ | रु. ६० लाख १ देखि ९० लाख सम्म | ८०० | आठ सय रुपैया मात्र |
| १५ | रु. ९० लाख १ देखि १ करोड ३० लाख सम्म | १२०० | एक हजार दूई सय रुपैया मात्र |
| १६ | रु. १ करोड ३० लाख १ देखि २ करोड सम्म | २००० | दूई हजार रुपैया मात्र |
| १७ | रु. २ करोड १ देखि ३ करोड सम्म | ३५०० | तीन हजार पाचसय रुपैया मात्र |
| ३५ | रु. ३ करोड १ देखि ४ करोड सम्म | ५५०० | पाच हजार पाच सय रुपैया मात्र |
| ३६ | रु. ४ करोड १ देखि ५ करोड सम्म | ८००० | आठ हजार रुपैया मात्र |

| | |
|---|---|
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए पनि १ रुपैया प्रति दश हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने |

एककृित सम्पत्तिकर निर्धारणका लागि करदाताले तोकीएको ढांचामा आप्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरेको कर विवरण अनुसार कर तिरेको भएता पनि सो कुरा पछि जानकारी हुन आएमा लुकाएको सम्पत्ति विवरण पुन समावेश गरि कर तिर्न आएकोमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समाबेश गरि सम्पत्ति मूल्याकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिने छ ।

अनुसूची २

## मालपोत/भूमीकर (प्रति रोपनी)

| सि. नं. | जग्गाको किसिम | | प्रति रोपनी |
|---|---|---|---|
| १ | उद्योग/फर्मको नाममा भएको जग्गा | | २०० |
| २ | राजमार्ग क्षेत्रका जग्गाहरु | | ५० |
| ३. | वडा नं. ३, ५, ७, ९ को पृथ्वी राजमार्ग नजिक कच्चि सडकमा जोडिएको जग्गा | | ३० |
| ४ | वडा नं. ३, ५, ७, ९ का राजमार्ग वाट १ कि.मी भन्दा टाढाको कच्चि सडकमा जोडिएको जग्गा | | २० |
| ५ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले छोएका जग्गाहरु | | २० |
| ६ | वडा नं. ३, ५, ७, ९ को सडकमा नजोडिएको जग्गा | | १५ |
| ७ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले नछोएका जग्गाहरु | | १० |

प्रति रसिद न्यूनतम रु ५०।-

अनुसूची ३

## घर बहाल कर :

(क) गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी कारखाना, आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट १० (दश) प्रतिशत वहालकर लिने ।

अनुसची ४

## उद्योग तथा वाणिज्य (व्यवसाय कर) : (वार्षिक)

**क**. निम्न व्यावसायमा निम्नानुसार व्यावसाय कर लिइने छ ।

| क्र.स. | व्यावसायको कूल पुजी | प्राइभेट फर्म | साझेदारी फर्म |
|---|---|---|---|

| | | दर्ता | नविकरण | दर्ता | नविकरण |
|---|---|---|---|---|---|
| १ | रु १०००००।- सम्म | १५०० | ६०० | १००० | ५०० |
| २ | रु १००००१ देखी ३००००० सम्म | ३००० | १००० | २५०० | ७०० |
| ३ | रु ३००००१ देखी ५००००० समम | ६००० | २००० | ४००० | १००० |
| ४ | रु ५००००१ देखी २०००००० सम्म | १२००० | ३००० | ७५०० | १५०० |
| ५ | रु २००००००१ देखी १०००००००० सम्म | २०००० | ५००० | १०००० | २००० |
| ६ | रु १००००००१ देखी ५०००००००० सम्म | ३०००० | ८००० | १५००० | ३००० |
| ७ | रु ५००००००१ देखी माथी | ५०००० | १५००० | २०००० | ४००० |
| ८ | फिरफिरे दर्ता शूल्क | १००००० | १०००० | | |
| ९ | क्रसर दर्ता शूल्क | ३००००० | ३०००० | | |
| १० | खानी सञ्चालन अनूमती | ५००००० | ५०००० | | |
| ११ | ग्यास रिफिलिङ उद्योग सञ्चालन अनुमति | | ५०००० | | |

**२) जरिवानाः**

क) पहिलो ३५ दिन सम्म २० %, ३ महिना सम्म ५० % ६ महिना सम्म दोव्वर ६ महिना भन्दा माथी तेव्वर

अनुसची ५

## जडिबुटि र जीवजन्तु कर :

१. खोटो- प्रति के.जी. १.५ २. ऊन- प्रति के.जी. १.० ३. जडीबूटी- प्रति के.जी. १०

अनुसची ६

## सवारी कर :सवारी दर्ता तथा वार्षिक सवारी करः

(क) एक्शाभेटर, डोजर, लोडर, जेसिवि रु २०००।

(ख) वस, ट्रक, लहरी आदि हेवी सवारी वार्षिक रु. १०००।-

(ग) भाडाका कार, जिप, माइक्रो वस वार्षिक रु. ५००।-

(घ) भाडाको टेम्पोमा वार्षिक रु. ३००।-

(ङ) निजी का, टेम्पो मिनिवस वार्षिक रु. ३००।-

(च) भाडाको मिनिवस वार्षिक रु. ५००।-

(छ) पावरटेलर वार्षिक रु. १५०।-

(ज) मोटरसाइकल वार्षिक रु १००।-

अनुसची ७

## विज्ञापन कर

१. ग्लो साइनबोर्ड, होडिङ वोर्ड, डिपिएस बोर्ड प्रति व.फि. रु ४०।-

२. वाल पेन्ट विज्ञापन प्रति व.फि. रु ५।-

३. व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा रु ३००।-

४. आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेको साइनवोर्डको कर नलाग्ने ।

अनुसूची ८

## मनोरञ्जन कर :

(क) साँस्कृतिक प्रदर्शनहल, भिडियो, थ्रिएटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा प्रति टिकट प्रति व्यक्ति रु. ५।- का दरले मनोरञ्जन कर लगाउने ।

(ख) जादु, सरकश, चटक, आदिमा प्रतिदिन रु. ४००।-, मासिक १०,०००।– लगाउने ।

(ग) कुनै पनि संघ संस्थाबाट आयोजना हुने महोत्सव प्रर्दशनको प्रवेश शुल्कमा प्रति व्यक्ति टिकटको ५% का दरले सो प्रर्दशन स्थलको भित्र रमाइलो मेला सरकश यस्तै प्रकृतिका अन्य कार्यक्रमा प्रवेश गरे वापत प्रति व्यक्ति प्रति टिकट मुल्यको १०% कर लगाउने ।

अनुसुची ९

## वहाल विरौटी कर

(क) गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु. २ देखि २० सम्म मासिक वहाल विटौरी लिने ।

(ख) वडा नं. ७ वडा कायालय पछाडीको सार्वजनिक जग्गामा घरटहरा वनाईवसेकोमा अगाडी मोहडाको प्रति फिट रु २४०।

अनुसूची १०

## पाकिर्ङ शुल्क

शुल्क प्रस्ताव नगरिएको

अनुसूची ११

## ट्रेकिङकोयोडिङ क्यानोइङ बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ शुल्क :

क) ट्रेकिङकोयोडिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर शुल्क - प्रति व्यक्ति रु २५।-

ख) ऱ्याफ्टीङ शुल्क - प्रति वोट रु १५०

अनुसुचि १२

## सेवा शुल्क दस्तुर

### १. सेवा शुल्क

| सि.नं. | सेवाको किसिम | साविकको दर | दर (रु.) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | | ५००।- |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | ३००।- |
| ३ | अचल सम्पत्ति मूल्याकंन | मुल्याङकन | ०.०८ प्रतिशत |
| ४ | रकम कलम उठाई दिएवापत सयकडा | | २।- |
| ५ | निजी विद्यालयको दर्ता सिफारीस शुल्क | मा.वि./आ.वि | २०००।- १५००/ |
| ६ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | टिकट टाँस |
| ७ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा | | ५००।- |

| | | | |
|---|---|---|---|
| ८ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | | १००।- |
| ९ | टो.वि.स. दर्ता शुल्क/नविकरण | | १००।- |
| १० | स्थलगत प्राबिधिक सेवा शुल्क | | ५००।- |
| ११ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | | २०० ।- |
| १२ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | | २०० ।- |

## २. विभिन्न प्रमाणित तथा सिफारीस दस्तुर

| सि.नं. | सेवाको किसिम | दस्तुर शुल्क | |
|---|---|---|---|
| १ | घरवाटो साँध सिमाना प्रमाणित | | |
| | राजमार्ग क्षेत्र एक कित्ताको | ५००।- | |
| | थप प्रति कित्ता | १०० | |
| | कच्चि सडकमा जोडिएको जग्गा एक | ३०० | |
| | थप प्रति कित्ता | ६० | |
| | अन्य क्षेत्र एक कित्ताको | २५० | |
| | थप प्रति कित्ता | ५० | |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस ( अनसची र फाराम सहित) | १००।- | |
| ३ | जग्गा नामसारी सिफारिस | ३००।- | |
| ४ | नाम, थर संशोधन सिफारिस | १००।- | |
| ५ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | १०००।- | |
| ६ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | २००।- | |
| ७ | घर कायम (पक्की घर) सिफारिस | | |
| | १००० वर्ग फिट सम्म | ५००।- | |
| | १००० देखि २००० वर्ग फिट सम्म | १००० ।- | |
| | २००० देखि ३००० सम्म | २०००।- | |
| | ३००० देखि ४००० सम्म | ४०००।- | |
| | सो भन्दा माथि | ६०००।- | |
| ८ | घर कायम (कच्ची घर) | २००।- | |
| ९ | घर नक्सा नामसारी पक्की (एकाघर) | ५००।- | |
| १० | घर नक्सा नामसारी पक्की (एकाघर | २०००।- | |
| ११ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको | २००।- | |
| १२ | कच्ची घर फुसको छाना भएको वा | १००।- | |
| १३ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर ( | वजार क्षेत्र-१०००।- ग्रामिण ५००।- | |
| १४ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००।-(एक रोपनी भन्दा माथि प्र.रो | |
| १५ | विद्युत जडानको सिफारिस दस्तुर | १००।- | |
| १६ | टेलिफोन जडान सिफारिस दस्तुर | ३००।- | |
| १७ | बैदेशिक रोजगारको लागि सिफारिस | ५००।- | |

| | | | |
|---|---|---|---|
| १८ | परिवार ल्याएको/लगेको सिफारिस | १००।- | |
| १९ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | १०००।- | |
| २० | नाता प्रमाणित दस्तुर | १००।- | |
| २१ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १०००।- | |
| २२ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | १००।- | |
| २३ | नाफामूलक संस्था दर्ता/नविकरण | १०००।- | |
| २४ | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | ३००।- | |
| २६ | निजी विद्यालय कक्षाथपको सिफारिस | १५००।- | |
| २७ | मोही नामसारी सिफारिस | २००।- | |
| २८ | सम्बन्ध विच्छेदको सिफारिस | ५००।- | |
| २९ | रुख काट्ने सिफारिस क.) खयर | १०००।- | |
| | ख) अन्य काठ | ५००।- | |
| ३० | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- | |
| ३१ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १०००।- | |
| ३२ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | २०००।- | |
| ३३ | अपुताली सिफारिस (नेपालको लागि) | १०००।- | |
| ३४ | अपुताली सिफारिस (विदेशको लागि) | २०००।- | |
| ३५ | व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, वसाईसराई, सम्वन्ध विच्छेद) | ३५ दिन सम्म : निशुल्क ३६ दिन देखि माथी रु ५० | |
| ३६ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित | १००।- | |
| ३७ | अंग्रेजीमा सिफारीस | ५००।- | |
| ३८ | चारकिल्ला प्रमाणितसिफारिस | | |
| | राजमार्ग क्षेत्र एक कित्ताको | ५००।- | |
| | थप प्रति कित्ता | १०० | |
| | कच्चि सडकमा जोडिएको जग्गा एक | ३०० | |
| | थप प्रति कित्ता | ६० | |
| | अन्य क्षेत्र एक कित्ताको | २५० | |
| | थप प्रति कित्ता | ५० | |
| ३९ | कन्सुलर प्रमाणित | ५०० | |
| ४० | मालपोत रसिद र घटना दर्ताको प्रतिलिपी प्रमाणित (सबै किसिमको प्रतिलिपी) | १००। - | |
| ४१ | सामाजिक संघ संस्था दर्ता, तथा नविकरण सिफारिस | १००० | |
| ४२ | आयश्रोत प्रमाणित सिफारिस | ५०० | |

## ३.घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | प्रति वर्ग फिट रकम रु. |
|---|---|---|
| १. | नक्सापास निवेदन फारम दस्तुर | रु.५०० |
| २. | पृथ्वी राजमार्गमा जोडिएका घर | रु ५।- |
| ३. | राजमार्ग देखि १ कि.मी सम्म पक्की घर प्रति | रु. ४।- |
| ४ | राजमार्ग देखि १ कि.मी सम्म कच्चि घर प्रति | रु. १।- |
| ५ | राजमार्ग देखि १ कि.मी वाहिर पक्की घर प्रति | रु. २।- |
| ६ | राजमार्ग देखि १ कि.मी वाहिर कच्चि घर प्रति | रु. ०.५ |
| ७ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क ( | रु. १०००।- |
| ८ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु | रु.१००० |
| ९ | नक्सा नामसारी तथा नवीकरण वापत | रु.१०००।- |

## अनुसुची १३
## फोहोर मैला व्यवास्थापन शुल्क

१. सामान्य खाना तथा खाजा घर होटलका मासिक रु १५०।-
२. मझौला खालको होटल, रेष्टुरेन्ट तथा लज समेतको मासिक रु ५००।-
३. राजमार्गका अन्य पसलहरु रु १००।
४. सरकारी अस्पताल, निजी अस्पताल तथा मेडिकलबाट उत्पादन हुने फोहोर मैला व्यवस्थापन गर्न छुट्टै नीति बनाई कार्यन्वयन गराउन सिफारिस गर्ने ।

- समान्य फोहोर व्यवस्थापनको लागि अस्पताल/निजी अस्पताल र सिनेमा हल मासिक रु ५००।-
- मेडिकल औषधी जन्य उपचारमा प्रयोग हुने यन्त्र उपकरणको फोहोरहरु सम्बन्धीत मेडिकलले नै व्यवस्थापन गर्नु पर्नेछ ।

५. सरकारी कार्यालय तथा अन्य संघ संस्था मासिक रु ३००।-

## अनुसुची १४
## वातावरण तथा सरसफाई शुल्क

| सि.नं. | प्राकृतिक श्रोत | प्रति टिपर, दर | प्रति ट्रयाक्टर दर |
|---|---|---|---|
| १ | खोला, नदी, आदीको ढुङ्गा, ग्राभेल | २००० | ८०० |
| २ | खोला, नदी, तथा ऐलानी प्रति जग्गाको वालुवा | २००० | ८०० |
| ३ | निजी जग्गाको ढुङ्गा, ग्राभेल, वालुवा | १००० | ४०० |
| ४ | फिरफिरेको वालुवा | २०० | ८० |
| ५ | क्रशरको गिट्टि | १००० | ४०० |
| ६ | चुनढुङ्गा | ७०० | २८० |
| ७ | व्लक (मलेखु) | १००० | ४०० |

## अनुसुची १५
## सडक मर्मत सुधार शुल्क

गाउँपालिका भित्रका १. मौवाखोला, जवाङ, वासपुर, २. वुद्धमार्ग, ३. हुग्दी रोवाङ, ४, मभ्फिमटार भार्पाङ ऐवाङ, ५.चरौदी स्यादुल, ६. चौकी विदाङ, ७. चरौदी जनगाउ, ८. रिचोकटार इराङ, ९. वेनीघाट वाहुनटार आदामारा  सडकहरुमा सञ्चालन हुने सवारी साधन

| | |
|---|---|
| क.  ट्याकटर, मिनी ट्रक, मिनि वस आदीमा प्रति ट्रिप | रु २००।- |
| ख.कार, जिप | रु १००।- |